# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः अतिरिक्ताङ्क मितिः २०८०।०८।०४

## भाग-२

बनेपा नगरपालिका

# बनेपा नगरपालिकाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०७।२३

# बनेपा नगरपालिकाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०७।२३**

**प्रस्तावनाः**

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित जनमुखी र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान, स्वास्थ्य नेपाल सरकारको स्वास्थ्य नीति, २०७१ र बनेपा नगरपालिका जनस्वास्थ्य ऐन, २०७९ को उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि बनेपा नगरपालिका जनस्वास्थ्य ऐन, २०७९ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक (Introduction)

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम बनेपा नगरपालिका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु भएको मानिने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा, यस कार्यविधिमा :

(क) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७९ को दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभरूपमा उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(ख) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आधारभुत अस्पताल, आधारभुत आयुर्वेद स्वास्थ्य सेवा केन्द्र सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।



## परिच्छेद-२
## कार्यविधिको उद्देश्य, समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

३. **स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।**

(क) आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रूपमा स्थापित गर्न सहजिकरण गर्ने ।

(ख) आफ्नो आवश्यकता अनुरूपको स्वास्थ्य सेवा आफैं व्यवस्थापन गर्न सहजिकरण गर्ने ।

(ग) स्थानीय स्रोतको सदुपयोग र जन सहभागिता परिचालन गरी सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

४. **समितिको गठन :**

(१) समितिको गठन यस कार्यविधिको परिच्छेद ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) पदावधि : समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ । त्यस्तो पदावधिको गणना सम्बन्धित आर्थिक वर्षको प्रारम्भबाट हुनेछ ।

(३) पद रिक्त हुने अवस्थाः समितिका पदाधिकारीको पद देहाय बमोजिम रिक्त हुनेछ ।

(क) निर्वाचित पदाधिकारीहरूको हकमा नियमित पदावधि समाप्त भएपछि ।

(ख) मृत्यु भएमा ।

(ग) राजिनामा दिई सो राजिनामा समितिबाट स्विकृत भएमा ।

(घ) फौजदारी अभियोग लागेमा ।

(ङ) लगातार तीनवटा बैठकमा विना सूचना अनुपस्थित भएमा ।

४. **बैठक सम्बन्धी कार्यविधि**

(१) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र

निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् । दुबैको अनुपस्थितिमा तोके बमोजिम वा उमेरमा सबैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

(२) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालनतत आदिमा आएका समस्याहरू समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरूको निराकरणको लागि सम्बन्धित तह र निकायहरूमा पठाउने ।

ख. स्वास्थ्य संस्थाबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरूको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रूपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने ।

ग. स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरू भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।

घ. सम्बन्धित स्थानीय तहले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगगमन समीक्षा र आवधिक प्रतिवेदन तयार गरी सम्बन्धित तहमा पेश गर्ने ।

ङ. स्वास्थ्य संस्थाको नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने ।

च. स्वास्थ्य संस्थाहरूको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

छ. स्वास्थ्य सेवाबाट बञ्चित स्थानीय समुदायहरूलाई स्वास्थ्य



सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरू गर्ने ।

ज. स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरूको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरू गर्ने र सेवा प्रबाहको गुणस्तरीयता सुनिश्चितता गर्न तयमा आधारीत स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

झ. स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

ञ. नगरपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनसंग सम्बन्धी विषयहरूमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

ट. स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चत गर्ने ।

**६. बैठकको गणपुरक संख्याः**

समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद-३
## कार्यक्षेत्र

७. कार्यक्षेत्र

(१) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ ।

(क) नेपाल सरकारवाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package) प्रबाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित (बुँदा १ देखि १२) कार्यक्रमहरूको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने (अनुसूचि १) ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू (बुँदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसूचि २) ।

(घ) स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरूको (Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरूको पहिचान गर्न र नसर्ने रोगहरूबाट बच्न जनचेतना अभिबृद्धि जस्ता कार्यक्रमहरू लागु गर्न र नसर्ने रोगहरूबाट बच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरू लागु गर्न नेतृत्व प्रदान गर्ने ।



(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीब र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक/स्वास्थ्यकर्मीहरूलाई सहज रूपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरूको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर)को लागि स्वास्थ्य संस्थाको नियमितं स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तिय स्रोत साधनहरूको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजगर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्य (e-Health) अवधारणलाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै लाने । सोको कार्यान्वयनका लागि नगरपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग आवश्यक सहयोग र समन्वय गर्ने ।

(ड) आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने ।

(ढ) आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरूकावीच स्वास्थ्य विमा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य सम्पादन र यसको उपयोगिताको नियमित समीक्षा गर्ने ।

(ण) आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा जस्ता बैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमहरूलाई आफ्नो योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

(त) समुदायमा आधारित प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरू योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

(थ) महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आबश्यक व्यवस्थापन गर्ने ।

(द) प्रेषण प्रणालीलाई क्रियाशील बनाउन आधुनिकीकरण तथा ब्यवस्थित गर्ने ।

(ध) सेवाग्राही तथा सेवा प्रदायकहरूको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।



## परिच्छेद -४
## वित्तीय व्यवस्थापन

**८. वित्तीय व्यवस्थापन**

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरूको परिधिभित्र रही कार्यक्रमहरू सञ्चालन गर्न नेपाल सरकारको आर्थिक ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४ र नगरपालिका आर्थिक ऐन नियम अनुसार व्यवस्था भए बमोजिम हुनेछ ।

**९. बजेट तर्जुमा**

क. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले योजना तर्जुमाको सात चरण अनुरूप तोकिएको अवधि (मिति) भित्र आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट निर्माण गरी नगर कार्यपालिकामा पेश गर्नु पर्दछ ।

ख. बजेट तर्जुमा गर्दा नगरपालिकाबाट प्राप्त हुने सहयोग, अन्तराष्ट्रिय वा राष्ट्रिय गैह्रसरकारी संस्थाबाट प्राप्त रकम तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ ।

**१०. खर्च तथा अभिलेख**

क. प्रत्येक चौमासिकको लागि निर्धारण गरिएका स्वास्थ्य कार्यक्रमहरूको स्वीकृत रकम निकासाको लागि नगरपालिका कार्यालयमा लिखित अनुरोध गर्नु पर्नेछ ।

ख. प्राप्त रकम सम्बन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सोको अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ । प्रत्येक चौमासिकको भौतिक तथा वित्तीय प्रगतिवारे समीक्षा गरी आगामी चौमासिकको लागि बजेट माग गर्नु पर्नेछ ।

ग. स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको चल, अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी ठीक दुरूस्त राख्नु पर्नेछ ।

घ. प्रचलित कानून बमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

११. स्वास्थ्य संस्थाका आर्थिक स्रोतहरु

क. संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त अनुदान ।

ख. विभिन्न व्यक्ति, दाता, गुठी र उपभोक्ता समूहहरूबाट प्राप्त अनुदान वा सहयोग ।

ग. राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाबाट उपलब्ध सहयोग ।

घ. नगरपालिकाबाट विनियोजित रकम ।

## परिच्छेद-५
## संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

**१२. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य एवं उत्तरदायित्व देहाय बमोजिम हुनेछ ।**

(१) संरक्षकको काम, कर्तव्य र अधिकारः

(क) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरूको लागि सामाजिक विकास र स्वास्थ्य शाखा लगायत नगरस्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने ।

(ख) नगरपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरूको सम्बोधनका लागि पहल गर्ने ।

(२) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) अत्यावश्यक स्वस्थ्य सेवा सर्बसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।



(ख) योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

(ग) कार्य योजना बमोजिम पदाधिकारीहरूले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सो को सुनिश्चितता गर्ने ।

(घ) कर्मचारीहरूको काममा नियमित मूल्यांकन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, चेतावनी दिने वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने ।

(ङ) कर्मचारीहरूलाई आवश्यकता अनुसार काज, तालीम वा गोष्ठीमा पठाउन सहमति दिने ।

(च) स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

(छ) समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

(ज) सनय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

**(३) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षले गर्ने माथिका सबै कार्यहरुमा सहयोग गर्नुका अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

**(४) सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(क) स्वास्थ्य कार्यक्रमहरूको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुर्‍याउने ।

(ख) स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुऱ्याउने ।

(ग) कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरूको आवश्यकता भए समितिलाई जानकारी दिने ।

(घ) समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी वहन गर्ने ।

(ङ) अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।

(च) समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरूको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने ।

(छ) समितिका सदस्यहरूले पालैपालो गरी क्लष्टर स्तरीय (रिपोर्टिङ्ग सेन्टर स्तरीय) मासिक समीक्षामा भाग लिने ।

(ज) आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरू सबै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।

(झ) स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने ।

## परिच्छेद-६
## बनेपा नगरपालिका स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी व्यवस्था

**१३. जनस्वास्थ्य सेवा ऐन, २०७९ को अनुसूची १ मा उल्लेख भए बमोजिमका आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा संचालन गर्नु बनेपा नगरपालिका, स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।**



## परिच्छेद-७
## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन

**१३. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।**

(१) नगर स्तरीय स्वास्थ्य संस्था व्यवस्थापन समिति : नगरपालिकाको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको नगर स्तरीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति हुनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) कार्यपालिकाले तोकेको एक जना महिला सहित कार्यपालिकाका तीन जना सदस्यहरु - सदस्य

(च) कार्यपालिकाले मनोनित गरेको वडा सदस्यहरू मध्येवाट महिला सहित दुई जना - सदस्य

(छ) कार्यपालिकाले छनौट गरेका नगर क्षेत्रभित्र संचालित स्वास्थ्य संस्थाका प्रतिनिधी मध्येवाट दुई जना - सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) नगरपालिकाको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको वडा स्तरीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति हुनेछ ।

(क) आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति :

| | |
|---|---|
| - नगर प्रमुख | अध्यक्ष |
| - नगर उप प्रमुख | उपाध्यक्ष |
| - नगर अस्पताल अवस्थित वडाको वडाध्यक्ष | सदस्य |
| - समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरूमध्येबाट एकजना महिला | सदस्य |

| | |
|---|---|
| - अस्पतालमा रहेको क्षेत्रको विद्यालयका प्रमुख / प्राचार्य/मध्येवाट एक जना | सदस्य |
| - स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना | सदस्य |
| - समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट एकजना | सदस्य |
| - नगर अस्पताल रहेको वडाको वडा सचिव | सदस्य |
| - समितिले मनोनित गरेको एक छात्र र एक छात्रा गरी दुई जना | सदस्य |
| - सम्बन्धित नगर अस्पतालको प्रमुख | सदस्य सचिव |

(ख) आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः

| | |
|---|---|
| - आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको वडाको वडाध्यक्ष | अध्यक्ष |
| - समितिले मनोनित गरेको सम्बन्धित वडाको निर्वाचित वडा महिला सदस्यहरुमध्येबाट एकजना महिला | उपाध्यक्ष |
| - समितिले मनोनित गरेको आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य/ मध्येवाट एक जना | सदस्य |
| - स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| - समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट एकजना | सदस्य |
| - सम्बन्धित वडा कार्यालयको वडा सचिव | सदस्य |
| - समितिले मनोनित गरेको एक छात्र र एक छात्रा गरी दुई जना | सदस्य |
| - सम्बन्धित आधारभूत स्वास्थ्य सेवा केन्द्रको प्रमुख | स. सचिव |



**द्रष्टव्य** :

१. समितिका पदेन सदस्यहरू संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, वडाका सचिब र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

२. समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष वा महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने महिला शिक्षिकाहरू मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।

३. बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरू आमन्त्रित गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| क. | दलित जनजातिबाट | १ जना |
| ख. | अपांग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट | १ जना |
| ग. | किशोरकिशोरीहरुको तर्फवाट | १ जना |

४. नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ ।

५. नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरूको विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## अनुसूचिः १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित काम, कर्तव्य र अधिकारहरूः

**आधारभूत स्वास्थ्य र सरसफाई :**

१. आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
२. आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्इ र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन
३. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
४. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथां व्यवस्थापन
५. स्वच्छ खाने पानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन
६. सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्य जन्य फोहोरमैलाको व्यवस्थापन
७. स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन
८. रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन
९. औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन
१०. सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासत फोहोरमैला व्यवस्थापनमा निजि तथा गैर सरकारी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी
११. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति अनुगमन र नियमन
१२. महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण रोकथांम, नियन्त्रण र व्यवस्थापन



## अनुसूचिः २

नेपालको संविधान अनुसूचि-९ मा उल्लेख भए बमोजिम र स्थानीय सर्‌कार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसंग सम्बन्धित साझा अधिकार सम्बन्धी कार्यक्रमहरू :

**स्वास्थ्यः**

१. संघीय तथा प्रदेशस्तरीय लक्ष र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष र गुणस्तर निर्धारण गर्ने
२. जनरल अस्पताल, नसिंङ्होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन
३. स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
४. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन
५. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धारण र नियमन
६. स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण
७. स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद; भण्डारण र विवतरण
८. स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
९. स्थानीयस्तरमा जन स्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
१०. स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन
११. स्वास्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्धन
१२. जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन
१३. सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि

१४. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परमपरागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

१५. जनस्वास्थ्य आपत्कालिन स्वास्थ्य तथा महामारकिो नियन्त्रण योजना र कार्यान्वयन

१६. रोगको नियन्त्रण तथा रोकथाम

१७. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

## अनुसूचिः ३

आधारभुत स्वास्थ्य सेवा प्याकेज (MoHP Website (www.mohp.gov.np)

## अनुसूचिः ४

स्वास्थ्य सेवाको न्यूनतम मापदण्ड (MoHP Website (www.mohp.gov.np)

## अनुसूचिः ५

गुणस्तर सुधार सम्बन्धी सामाग्रीहरू (MoHP Website (www.mohp.gov.np)

## अनुसूचिः ६

व्यवस्थापन समितिको कार्यसम्पादन स्व-मूल्यांकन फाराम

स्वास्थ्य संस्थाको नाम : ________ समीक्षा गरेको मिति : ________

क. संस्थागत क्षमता र समितिको सशक्तिकरण

| क्र.सं. | सूचकहरू | छ (१) | छैन (०) |
|---|---|---|---|
| १. | गत ६ महिनामा समितिको बैठक नियमित भएको | | |
| २. | बैठकमा ५१ प्रतिशत वा त्यसभन्दा बढी उपस्थित हुने गरेको | | |
| ३. | सदस्यहरू बैठकमा ठीक समयमा आउने गरेको | | |
| ४. | समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको | | |



| क्र.सं. | सूचकहरू | छ (१) | छैन (०) |
|---|---|---|---|
| ५. | महिला तथा पिछडीएको समुदायका प्रतिनिधिहरू बैठकमा नियमित रूपमा उपस्थित हुने गरेको | | |
| ६. | महिला तथा पिछडिएको समुदायमा प्रतिनिधिहरू बैठकमा नियमित रूपमा उपस्थित हुने | | |
| ७. | बहुमत सदस्यहरूले आ-आ ँनो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरू समुदायसम्म पुर्‍याउने गरेको | | |
| ८. | निर्णयहरू बुँदागत रूपमा कार्ययोजनाको स्वरूपमा लेख्ने गरेको | | |
| ९. | अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रूपमा छलफल हुने | | |
| १०. | गत आर्थिक वर्षको वार्षिक प्रगति विवरण सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| ११. | अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रूपमा छलफल हुने | | |
| १२. | बैठकमा उठेका विषयवस्तु समाधानका लागि एक भन्दा बढी सदस्यलाई जिम्मेवारी दिने गरेको | | |
| १३. | समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १४. | समितिका सदस्यहरूको फोटो सहितको नामावली बोर्ड स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १५. | समितिका सदस्इहरूलाई आफ्नो भुमिका तथा जिम्मेवारीहरू थाहा भएको | | |
| १६. | समिति विधिवत् रूपमा (निर्देशिका अनुसार) गठन भएको | | |
| १७. | समितिको आफ्नो लेटरप्याड र छाप बनाएको | | |
| | जम्मा | | |

स्वास्थ्य संस्थाको नाम : ________ समीक्षा गरेको मिति : ________

## ख. स्वास्थ्य संस्था व्यवस्थापन :

| क्र.सं. | सूचकहरू | छ (१) | छैन(०) |
|---|---|---|---|
| १. | स्वास्थ्य संस्था भित्र तथा वाहिर कम्पाउन्डको वातावरण सफा र व्यवस्थित राखेको | | |
| २. | आवश्यकता अनसार भौतिक पूर्वाधार (भवन, कोठा, प्रतिक्षालय, पानी, विजुली, चर्पी, फर्निचर, आदि)को व्यवस्थापन गरेको | | |
| ३. | स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन गर्न समितिले पहल गरेको | | |
| ४. | स्वास्थ्य संस्थालाई व्यवस्थित रूपमा संचालन गर्न आवश्यक औषधीको व्यवस्थापन गरेको | | |
| ५. | स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरूको व्यवस्थापन गरेको | | |
| ६. | न.पा., गा.पा. तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन गरेको | | |
| ७. | कार्यालय समय अनुसार (१० देखी ४ वा ५ बजेसम्म) स्वास्थ्य संस्था खोल्ने व्यवस्था | | |
| ८. | समितिले स्वास्थ्य संस्थाको सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको | | |
| ९. | समितिद्धारा योजना अनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिवेक्षण योजना अनुसार भएको | | |
| १०. | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको | | |
| ११. | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने | | |
| १२. | समितिले आफुले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैंले समीक्षा गर्न सक्षम भएको र गर्ने गरेको | | |
| १३. | समितिले कर्मचारीहरूको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेको | | |
| १४. | समितिबाट महिला स्वास्थ्य स्वयं सेविकाको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेको | | |
| १५. | समितिले न.पा., गा.पा. वा अन्य निकायसँग कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्न समन्वय गर्ने गरेको । | | |
| १६. | समितिले महिला स्वास्थ्य स्वयं सेविकालाई आवश्यक सहयोग गर्ने गरेको | | |
| १७. | समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात् देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरुलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको | | |
| १८. | स्वास्थ्य संस्थाको बस्तगत पार्शव चित्र (Health Profile) बनाएको | | |
| | जम्मा | | |

स्वास्थ्य संस्थाको नाम : ______________ समीक्षा गरेको मिति : ________



## ग. स्वास्थ्य सेवाको अवस्था :

| क्र.सं. | सूचकहरू | छ (१) | छैन (०) |
|---|---|---|---|
| १. | प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगतिको समीक्षा मासिक अनुगमन कार्य पुस्तीकाको आधारमा गरी समितिको मासिक बैठकमा राख्ने गरेको | | |
| २. | खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको र समुदायमा आधारित नवजात शिशु स्याहार तथा बाल रोगको एकिकृत व्यवस्थापन गरेको | | |
| ३. | ४ पटक गर्भजाँच सेवा लक्ष्य अनुसार प्रगति हासिल गरेको | | |
| ४. | २२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति हासिल गरेको | | |
| ५. | लक्ष्य अनुसार टी.टी. खोपको प्रगति हासिल गरेको | | |
| ६. | समितिले दक्ष स्वास्थ्यकर्मिबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन व्यवस्था गरेको | | |
| ७. | चाहना हुँदा हुँदै पनि परिवार नियोजनको कुनै साधन उपभोग गर्न नसकेका दम्पत्तीहरुको पहिचान गरेको | | |
| ८. | गाउँघर तथा खोप क्लिनिकहरू नियमित रूपमा संचालन हुने गरेको | | |
| ९. | सेवाबाट छुटेका मानिस (महिला, दलित, जनजाती, पिछडिएका र संस्थाबाट टाढा रहेका)हरूको पहिचान गरी सेवामा उनिहरूको पहुँच बढाउन समुदाय परिचालन कार्य गर्ने गरेको | | |
| १०. | राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरूमा समितिले योजनाबद्ध रुपमा सहयोग गर्ने गरेको | | |
| ११. | स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध गरेको | | |
| १२. | स्वास्थ्य संस्थामा हुनुपर्ने ४ वटा अत्यावश्यक औषधिहरू (पुनर्जलीय झोल, एमोक्सिलीन, आइरन र भिटामिन भए) भए नभएको यकिन गरेको | | |
| १३. | स्वास्थ्य संस्थामा हनपर्ने कम्तिमा ३ वटा परिवार नियोजनका साधनहरू (कण्डम, पिल्स, डिपो) भए नभएको यकिन गरेको | | |
| १४. | नागरिक वडा पत्र सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १५. | समिति र स्वास्थ्य संस्थाको बार्षिक कार्ययोजना बनाएको | | |
| १६. | न.पा., गा.पा.को स्वास्थ्य आवश्यकताको पहिचान गरी वडा स्तरीय स्वास्थ्य योजना बनाएको | | |
| १७. | अ.हे.व., अ.न.मी. ले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाँउघर क्लिनिक, स्वास्थ्य स्वयं सेविका कार्यक्रमबारे छलफल गर्ने गरेको | | |
| | **जम्मा** | | |

स्वास्थ्य संस्थाको नाम : ______________ समीक्षा गरेको मिति : ________

## अनुसूचिः ७
### व्यवस्थापन समितिको बैठक रजिष्टर नमुना

बैठक नम्बर : मिति : | गते | महिना | साल |

बैठक सञ्चालन : भएको स्थानः

बैठकको संक्षिप्त विवरण :

आज मिति ______ मा यस ______ प्राथमिक स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य केन्द्र को सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष ______ को अध्यक्षतामा निम्न लिखित महानुभावको उपस्थितिमा बसेको बैठकले विभिन्न प्रस्तावहरूमा छलफल गरी निम्नानुसारको निर्णय गऱ्यो ।

| क्र.सं. | नाम | महिला/पुरूष | पद | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बैठकमा छलफलका लागि प्रस्तावहरू :

| क्र.सं. | प्रस्तावहरू | प्रस्ताव गर्ने सदस्यको नाम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |



**बैठकका निर्णयहरु :**

यो बैठकले उपरोक्त प्रस्तावहरूमा गहन छलफलगरी निम्नानसारको कार्ययोजना सहितको निर्णय गऱ्यो ।

१. अघिल्लो बैठकका निर्णयको समीक्षा :

______________________________

______________________________

२. बैठकका मुख्य निर्णयहरू :

______________________________

______________________________

३. निर्णय कार्यान्वयनको कार्य योजना :

| क्र. सं. | पहिचान भएका समस्या | कार्यान्वयनका लागि सिफारिस गरेका क्रियाकलापहरू | पूरा गर्ने समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

दस्तखतः ______________

## अनुसूचिः ८
### नागरिक बडापत्र

आधारभूत स्वास्थ्य सेवा प्याकेज र सेवाको न्यूनतम् मापडण्डमा उल्लेख भएका कार्यक्रमहरूको आधारमा तोकिएको ढाँचामा तयार गरी सेवाग्राहीको सहज पहुँच हुने स्थानमा टाँस गर्नुपर्नेछ ।

**आज्ञाले,**
**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**